# मकालु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

नुम, संखुवासभा
१ नं प्रदेश, नेपाल

प.स. २०७६/७७
च.न.

मिति २०७६/१२/२८

विषय- राहत सामग्री खरिद गर्ने सम्वन्धी सुचना

विश्व व्यापी रुपमा फैलिएको कोरोना भाइरसवाट नेपाल पनि जोखमयुक्त अवस्थामा रही महामारीको रुप लिएको अवस्थालाई मध्यनजर गरी कोभिड १९ को महामारीलाई रोकथाम ,नियन्त्रण गर्न हाल, नेपाल सरकारले लक डाउन गरेको विशेष परिस्थतीमा यस गाउँपालिका वार्ड न १ देखी ६ सम्म वडा कार्यालय मार्फत संकलन गरेका विपन्न परिवारलाई राहत सामग्री वितरण गर्न आधारभुत खाधान्नको प्रवन्ध मिलाउनुपर्ने भएकोले यस गाउपालिका गाउँ कार्यपालिकावाट स्वीकृत असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराउने राहत सम्वन्धी मापदण्ड २०७६ को दफा ६ को प्रयोजनको लागी कार्यपालिकाको मिति २०७६/१२/२७ को निर्णय वमोजिम देहायका सामग्रीहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ वमोजिम विशेष परिस्थितीमा खरिद गर्नुपर्ने भएकोले कानुन वमोजिम दर्ता भएका इच्छुक फर्म,सप्लायर्सले देहायका कागजातहरु सहित यस कार्यालयसम्म दुवानी सहितको प्रति इकाई मुल्य सुचना प्रकाशित भएको मितिले २०७७ वैशाख २ गतेसम्म विदाको समयमा समेत कार्यालय समय भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखामा मुल्य सुची (दररेट) उपलव्ध गराउनु हुन यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.न. | खरिद गरिने राहत सामग्री | इकाई | परिमाण | आपुर्तीकर्तावाट प्रति के.जी./लिटरको दररेट पेश गर्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | मन्सुली अरवा चामल ए ग्रेड | के.जी. | २१००० | | ३० के.जी.को प्याकेटमा उपलव्ध गराउनुपर्ने |
| २ | आयो नुन दुई वालवालिका चिन्ह भएको | के.जी | १४०० | | एक के.जी.को प्याकेटमा उपलव्ध गराउनुपर्ने |
| ३ | चिनी | के.जी. | ७०० | | एक के.जी.को प्याकेटमा उपलव्ध गराउनुपर्ने |
| ४ | शुध खाने तेल (शुर्य मुखी वा सो सरह) | लिटर | ३५० | | आधी लिटरको प्याकेट/वोतलमा उपलव्ध गराउनुपर्ने |

आपुर्तीकर्ताले पेश गर्नुपर्ने कागजातहरु
१. दर्ता प्रमाणपत्रको प्रतिलिपी
२. मुल्य अभिवृद्धी कर प्रमाणपत्र/पान नम्वरको प्रतिलिपी
३. आव २०७५/७६ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
४. मुल्य सुची उपलव्ध गराईको निवेदन

प्रमुख प्रशासकिय अधिकृत

थप जानकारीको लागी सम्पर्क न ९८६२३६५६००, ९८५२८३२२१४, ९८६७९९८२५२

"पुर्वाधार, कृषि र पर्यटन हाम्रो धन, सम्वृद्ध मकालु गाउँपालिकाको पहिचान"
वेवसाइट:www.makalumun.gov.np ईमेल:gaupalikamakalu@gmail.com